गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# प्रेस रजिष्ट्रारको कार्यालय
पोखरा, नेपाल

पत्र संख्याः- ०८२/८३
चलानी नं.:- १५३

मितिः- २०८३/०१/०४

श्री प्रबन्ध निर्देशक/सम्पादकज्यू,

## विषयः लोककल्याणकारी विज्ञापन प्रकाशन/प्रसारण सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा गण्डकी प्रदेश सरकार, प्रेस रजिष्ट्रारको कार्यालयद्वारा प्रदेशभित्रका सञ्चार प्रतिष्ठानहरूलाई लोककल्याणकारी विज्ञापन वितरण गर्ने कार्यक्रम अन्तर्गत तपाईको सञ्चार संस्था सूचीकृत भई यस कार्यालयसँग विज्ञापन प्रकाशन/प्रसारण सम्बन्धी सम्झौता भइसकेको व्यहोरा विदितै छ।

सोही सम्झौताको प्रावधान र शर्तहरूको अधीनमा रही प्रकाशन/प्रसारण गर्नुपर्ने लोककल्याणकारी विज्ञापनको सामग्री (Content) यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। उक्त सामग्रीलाई सम्झौतामा उल्लेख भए बमोजिमको समय, स्थान/फ्रिक्वेन्सी र मापदण्ड मुताविक प्रकाशन तथा प्रसारण गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु।

साथै, विज्ञापन प्रकाशन/प्रसारण भएपश्चात नियमानुसारको भुक्तानी प्रक्रियाका लागि आवश्यक बिल-भरपाई तथा सोको प्रमाण (लिङ्क, प्रतिलिपि वा अडियो/भिडियो क्लिप) यस कार्यालयमा पेश गरिदिनु हुन समेत जानकारी गराइन्छ। सहकार्यका लागि धन्यवाद।

बिमला भण्डारी
प्रेस रजिष्ट्रार

बोधार्थः
१. श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश जानकारीका लागि।
२. आर्थिक प्रशासन शाखा, यसै कार्यालय।



वन तथा वातावरण

# हाम्रो वन हाम्रो सम्पत्ति

## हाम्रो सन्देश

- सुख्खा मौसममा वनमा लाग्ने डढेलोले वन, वन्यजन्तु र वातावरणमा ठूलो क्षति पुऱ्याउँछ।
- वन क्षेत्रमा आगो नलगाऔँ।
- कतै डढेलो लागेको देखेमा तुरुन्त नजिकैको वन कार्यालय वा सुरक्षा निकायलाई खबर गरौँ।
- सचेत बनौँ, वन जोगाऔँ र वातावरण सुरक्षित राखौँ।


गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय,
पोखरा, नेपाल

मिडिया साक्षरता

# "सत्य बुझौँ, भ्रम नफैलाऔँ"




## सहि सूचना साझा गर्नु जिम्मेवार नागरिकको पहिचान हो

- सामाजिक सञ्जालमा आउने हरेक सूचना सत्य हुँदैनन् ।
- कुनै पनि समाचार वा जानकारी शेयर गर्नुअघि त्यसको सत्यता जाँच गरौँ।
- जिम्मेवार नागरिक बनौँ र सही सूचना प्रवाहमा सहयोग गरौँ।
- अफवाह र भ्रम नफैलाऔँ ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल

जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

# पूर्वतयारी गरौं, विपदबाट बचौं




## हाम्रो संदेश

- वर्षा यामसँगै बाढी, पहिरोको जोखिम बढ्छ। आफ्नो घर वरपरको अवस्थाबारे सचेत रहौँ।
- विपद्को समयमा सुरक्षित स्थानमा जाऔँ र सरकारी सूचना तथा पूर्वसूचनालाई ध्यान दिऔँ।
- वृक्षरोपण गरौँ र प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तनको असर कम गरौँ।


गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय,
पोखरा, नेपाल

स्वास्थ्य तथा सरसफाइ

# सफा वातावरण, स्वस्थ जीवन



## हामीले के गर्ने ?


- वर्षा याममा झाडापखाला, हैजा र डेंगु जस्ता रोग बढ्न सक्छन्।
- पानी उमालेर वा फिल्टर गरेरमात्र पिउने बानी बसालौँ ।
- घरवरपर पानी जम्न नदिऔँ र नियमित सरसफाइ गरौँ।
- स्वास्थ्यमा समस्या देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौँ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल

पर्यटन तथा संस्कृति प्रवर्द्धन

# हाम्रो संस्कृति, हाम्रो पहिचान

# गण्डकी घुमौं, गण्डकी चिनौं



## हाम्रो सन्देश

- गण्डकी प्रदेश प्राकृतिक सौन्दर्य र सांस्कृतिक सम्पदाले भरिपूर्ण प्रदेश हो।
- आन्तरिक पर्यटनलाई प्रोत्साहन गरौं।
- पाहुनालाई आत्मीय स्वागत गरौं।
- आफ्ना ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाको संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गरौं।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल

लैङ्गिक हिंसाविरुद्ध सचेतना अभियान

# हिंसामुक्त समाज
# सुरक्षित भविष्य




## हामीले के गर्न सक्छौ ?

- महिला, बालबालिका वा कुनै पनि व्यक्तिमाथि हुने हिंसा अपराध हो।
- हिंसा सहेर नबसौँ, आवाज उठाऔँ।
- हिंसा भएको देखेमा वा भोग्नु परेमा कानुनी सहायता लिन ढिला नगरौँ।
- समानता, सम्मान र न्याययुक्त समाज निर्माणमा सबै मिलेर अघि बढौँ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल

यातायात सुरक्षा

# ट्राफिक नियम पालना गरौँ
# सुरक्षित यात्रा गरौँ



## सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियमको पालना गरौँ।

- तीव्र गति र मादक पदार्थ सेवन गरी सवारी नचलाऔँ।
- हेल्मेट र सिट बेल्ट अनिवार्य प्रयोग गरौँ।
- पैदल यात्रुले जेब्रा क्रसिङको प्रयोग गरौँ।


गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल

शिक्षा तथा बालबालिका

# हरेक बालबालिकाको अधिकार
# गुणस्तरीय शिक्षा




## हाम्रो सन्देश

- बालबालिका राष्ट्रका भविष्य हुन्।
- विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना गरौँ। छोरा–छोरीबीच भेदभाव नगरौँ।
- बालश्रम अन्त्य गरी बालबालिकालाई पढ्ने, खेल्ने र सिक्ने वातावरण बनाऔँ।
- शिक्षित समाज नै समृद्ध समाज हो।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल



खानेपानी तथा स्रोत संरक्षण

# पानी बचाऔं
# भविष्य सुरक्षित बनाऔं

## हामी के गर्न सक्छौ ?

- मुहान क्षेत्रको संरक्षण गरौं ।
- वृक्षारोपण गरौं र पानीको दुरूपयोग नगरौं ।
- वर्षाको पानी संकलन गरी उपयोग गरौं ।
- स्वच्छ खानेपानी संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल

जेष्ठ नागरिक सम्मान

# जेष्ठ नागरिकको सम्मान सभ्य समाजको पहिचान



## हामी सबैको दायित्व

- जेष्ठ नागरिक हाम्रो अनुभव, संस्कार र ज्ञानका स्रोत हुन्।
- उहाँहरूको सम्मान, स्वास्थ्य सुरक्षा र उचित हेरचाह गर्नु हाम्रो कर्तव्य हो।
- जेष्ठ नागरिकलाई माया, सम्मान र साथ दिऔँ।
- नयाँ पुस्ताले पुराना पुस्ताबाट अनुभव र संस्कार सिक्ने वातावरण बनाऔँ।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**प्रेस रजिष्ट्रारको कार्यालय,**
पोखरा, नेपाल